# स्थानीय तहको रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन, २०८०

१. **<u>प्रस्तावना</u>**: मुलुकमा सरकारी, निजी, सहकारी तथा गैरसरकारीको संयुक्त प्रयास र लगानीबाट समग्र अर्थतन्त्रमा स्थायित्व कायम भई उच्च, दीगो र रोजगारमूलक आर्थिक बृद्धि हाँसिल गर्न तीनै तहका सरकार क्रियाशील हुनु पर्ने आवश्यक देखिएको छ। समग्र अर्थतन्त्रको विकासको लागि आय आर्जन, रोजगारी, राष्ट्रिय उत्पादन अभिबृद्धि गरी गरिबी न्यूनिकरण गर्न स्थानीय तहको छुटै रोजगार रणनीति तर्जुमा गर्न आवश्यक भएको छ। स्थानीय तहको रोजगार रणनीति तर्जुमा र कार्यान्वयनबाट संविधानले व्यबस्था गरेको नागरिकको रोजगारीको हकको कार्यान्वयनमा सहजता आउनुका साथै स्थानीय तहको सामाजिक र आर्थिक उन्नतिमा समेत सहयोग पुग्न सक्ने हुन्छ। यसै सन्दर्भमा स्थानीय तहको रोजगार रणनीति तर्जुमा गर्ने कार्यमा सहयोग गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रायले यो मार्गदर्शन जारी गरेको छ।

२. **<u>पारिभाषिक शव्दहरु</u>**:

(क) "एकिकृत रोजगारमूलक सेवा" भन्नाले नागरिकलाई प्रदान गरिने श्रम, रोजगारी, स्वरोजगारी तथा श्रम आप्रवासनसंग सम्बन्धित सेवालाई सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ लाई सम्झनु पर्छ।

(ग) "कार्यक्रम" भन्नाले तीनै तहको श्रम तथा रोजगारमूलक सेवा प्रदान गर्ने कार्यक्रमलाई सम्झनु पर्छ।

(घ) "नियमावली" भन्नाले रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ लाई सम्झनु पर्छ।

(घ) "रोजगारीको खोजीमा रहेका व्यक्ति" भन्नाले न्यूनतम रोजगारीका लागि सूचिकृत तथा स्थानीय तहमा आन्तरिक र वैदेशिक रोजगारीको खोजीमा रहेका व्यक्तिलाई सम्झनु पर्छ।

(ङ) "स्थानीय तह" भन्नाले गाँउपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनु पर्छ।

३. **<u>स्थानीय तहको रोजगार रणनीति तर्जुमाको उद्देश्य</u>**: स्थानीय तहको रोजगार रणनीति तर्जुमा भई कार्यान्वयनमा आएमा स्थानीय तहले सङ्घीय रोजगार नीतिलाई समेत प्रत्यक्ष सहयोग पुऱ्याउदै स्थानीय तहले देहायका नतिजाहरु प्राप्त गर्न सक्षम हुनेछन :

(क) स्थानीय तहमा रहेक सीप विकास, उद्यमशिलता र रोजगारीको तथ्यांक संकलन र विश्लेषण गरी अवसरको पहिचान गर्ने।

(ख) स्थानीय माग र आवश्यकताको आधारमा श्रम बजारको नीति बमोजिम कार्यक्रम तथा बजेट निर्माण र कार्यान्वयन गर्ने।

(ग) श्रम बजारको माग बमोजिम जनशक्तिको उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिबृद्धि गरी आथिक विकासमा योगदान गर्ने।

(घ) स्थानीय तहमा दक्ष, प्रतिष्पर्धी र उद्यमशील मानवीय श्रोतको विकास गर्ने,

(ङ) स्थानीय तहबाट नागरिकलाई व्यवसायिक सीप विकास, रोजगारी प्रवर्द्धन, उत्पादनशील रोजगारी सिर्जना, उद्यमशीलता प्रवर्द्धन, रोजगारीमा पदस्थापना, स्वरोजगारी, वैदेशिक रोजगारीमा जानेलाई दिइने सेवा, वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको सामाजिक, आर्थिक, पारवारिक रुपमा पुनर्स्थापना तथा पुनः एकिकरण लगायतका सेवा वा लगायतका एकिकृत श्रम र रोजगारमूलक सेवा प्रवाह गर्ने।

४. **<u>स्थानीय रोजगार रणनीति तयार गर्दा ध्यान दिनु पर्ने विषयहरुः</u>** स्थानीय तहको रोजगार रणनीति तयार गर्दा स्थानीय तहले देहायका विषयलाई ध्यान दिई अनुसूची-१ को ढाँचामा तयार गर्नु पर्नेछः

(क) स्थानीय जनसंङ्ख्या, श्रोत साधन, आर्थिक र सामाजिक वस्तुस्थितीको तथ्यांक हुनु पर्ने र सो को विश्लेषण गर्नु पर्ने ।

(ख) राष्ट्रिय श्रम तथा रोजगारको प्राथमिकता र आवश्यकता सम्बन्धी जानकारी भएको हुनु पर्ने।

(ग) सङ्घ, प्रदेश र अन्य निकायबाट सञ्चालनमा आएका श्रम तथा रोजगारमूलक सेवाहरुको कार्यान्वयन र सो को विश्लेषण गर्नु पर्ने।

(घ) स्थानीय तहमा मर्यादित श्रम, उत्पादनशील रोजगारी तथा बेरोजगारी न्यूकिकरणका क्षेत्रहरुलाई ध्यान दिनु पर्ने ।

(ङ) स्थानीय तहको श्रमिक तथा सीपको माग र आपूर्तिको अन्तर (Skill Gap) को विश्लेषण गर्नु पर्ने ।

(च) रणनीति कार्यान्वयनका लागि आवश्यक पर्ने कानुनहरुको विश्लेषण गर्नु पर्ने ।

(छ) दीर्घकालीन लक्ष्य तथा रणनैतिक उद्देश्य निर्धारण गर्दा सबै सरोकारवालासंग छलफल र सहकार्य गर्नु पर्ने ।

(ज) रणनैतिक उद्देश्य कार्यान्वयनका लागि उपयुक्त श्रोत र साधनको व्यबस्था भएको हुनु पर्ने ।

(झ) विगत तथा वर्तमानमा कार्यान्वयन आएका कार्यक्रम तथा क्रियाकलापहरुको विश्लेषण गर्नु पर्ने ।

(ञ) रणनीति कार्यान्वयनको लागि जिम्मेवारी सहितको कार्ययोजना, लाग्ने समयाबधि, प्राप्त हुनु पर्ने उपलब्धी सूचकहरु उल्लेख हुनु पर्ने।

(ट) रणनीतिका उद्देश्य प्राप्तिका लागि अन्य निकायसंगको समन्वय र सहकार्यलाई ध्यान दिने।

(ठ) रणनीति कार्यान्वयनका लागि अनुगमन मूल्याङ्कन सहितको संस्थागत संरचनालाई स्पष्ट पार्ने।

**५. <u>रणनीतिको पृष्ठभूमि</u>**: नेपालको राष्ट्रिय रोजगार नीति, २०७१ ले उठान गरेका विषय तथा सन्दर्भलाई ध्यान दिई स्थानीय तहको श्रम तथा रोजगार संग सम्बन्धित विषयहरुलाई उल्लेख गर्ने । स्थानीय तहले राष्ट्रिय श्रम तथा रोजगारीका क्षेत्रमा गर्न सक्ने योगदानलाई ध्यान दिदै अन्तरसम्बन्धित विषय रहेको श्रम तथा रोजगारीको विषयलाई स्थानीय तहको सामाजिक र आर्थिक उन्नतिमा परिचालन गर्ने गराउने गरी पृष्ठभूमिमा उल्लेख गर्ने।

**६. <u>रणनीतिको तर्जुमाको औचित्य</u>**: स्थानीय तहको रोजगार रणनीति तर्जुमाको औचित्य प्रष्ट पार्दा वर्तमान कार्यक्रमहरुबाट प्राप्त उपलव्धिहरुको विश्लेषण र वर्तमान चुनौतिहरुको विश्लेषण गर्नु पर्नेछ। यसका लागि स्थानीय तहको सामाजिक र आर्थिक अबस्था, बेरोजगारीको समस्यालाई दीर्घकालीन रुपमामा सम्बोधन गर्न वर्तमान रणनीति तथा कार्यक्रमहरुले सक्षम भए नभएको विषयलाई उल्लेख गरी नयाँ रणनीतिको सान्दर्भिकता र औचित्यता पुष्टी गर्नु पर्नेछ ।

**७. वर्तमान अवस्था र रणनीतिक अवस्थाको विश्लेषणः** वर्तमान अवस्था र रणनैतिक अवस्थाको विश्लेषण गर्दा देहायका विषयमा विश्लेषण गर्नु पर्नेछ:

७.१ जनगणना २०७८ को आधारमा स्थानीय तहको राष्ट्रिय र स्थानीय जनसङ्ख्या र रोजगारीको अवस्थालाई विश्लेषण गरी रणनीतिमा उल्लेख गर्ने।

७.२ आर्थिक गणना, २०७८/०७९ को आधारमा स्थानीय तहमा रहेका उद्योग, प्रतिष्ठान र रोजगारदाताको विवरण उल्लेख गर्ने। आवश्यकता अनुसार स्थानीय तहको उद्योग तथा प्रतिष्ठानहरुको विवरण सङ्कलन गरी सर्वेक्षणले उल्लेख गरेका उद्योगको वर्गिकरण अनुसारको सङ्ख्या तथा रोजगारीमा संलग्न भएका व्यक्तिहरुको विवरण उल्लेख गर्नु पर्नेछ । यस्तो विवरण सङ्कलन गर्दा आगामी अवधिमा स्वरोजगार सहित नयाँ उद्योग तथा प्रतिष्ठानहरु खोल्न सकिने र हुन सक्ने सङ्ख्या र सो उद्योग प्रतिष्ठानमा संलग्न हुन सक्ने रोजगारीको प्रकृतिको समेत विवरण राख्नु पर्नेछ । यस विवरणलाई रणनीतिको अनुसूचीमा उल्लेख गर्नु पर्नेछ।

७.३ बुँदा ७.१ र ७.२ को आधारमा स्थानीय तहको उद्योग प्रतिष्ठानहरुमा संलग्न हुने र हुन सक्ने जनशक्तिको विवरण र प्रकृतिको विश्लेषण गर्नु पर्नेछ ।

७.४ बुँदा ७.३ बमोजिम निर्धारण भएको जनशक्तिका लागि आवश्यक पर्ने सीप तथा क्षमताको विश्लेषण गरी सो क्षेत्रका लागि आवश्यक पर्ने सीप र क्षमता समेतको अन्तरविश्लेषण गर्नु पर्नेछ । यस कार्यका लागि अनुसूची २ प्रयोग गरी विस्तृत सर्वेक्षण गर्नु पर्नेछ ।

७.५ स्थानीय तहले बुँदा ७.४ बमोजिम गरी प्राप्त सर्वेक्षणका आधारमा कुन कुन विषय र स्तरमा सीप तथा क्षमता विकास गर्ने हो, सो को विवरणलाई रणनीतिको अनुसूचीमा उल्लेख गर्नु पर्नेछ।

७.६ रणनीति तर्जुमा पूर्व स्थानीय सामाजिक र आर्थिक अवस्था एवम् आगामी कार्यनीति तय गर्ने प्रयोजनका लागि सम्बन्धित सरोकारवालासंग अनुसूची ३ बमोजिमको प्रश्नावलीको आधारमा जानकारी सङ्कलन गर्नु पर्नेछ।

७.७ रोजगार सेवा केन्द्रले सम्बन्धित स्थानीय तहबाट वैदेशिक रोजगारीमा भएका व्यक्तिहरुको सङ्ख्या र प्रकृति मन्त्रालयले जारी गरेको श्रम आप्रवासन प्रतिवेदनका आधारलाई लिन सकिनेछ ।

७.८ स्थानीय तहबाट वैदेशिक रोजगारीका लागि उपलव्ध सेवा तथा सुविधाका सम्बन्धमा विश्लेषणात्मक विवरण उल्लेख गर्ने ।

७.९ राष्ट्रिय रोजगार नीति तथा स्थानीय तहको प्राथमिकताहरुलाई कार्यान्वयन गर्न गराउन के कस्ता कानुनी प्रावधान रहेका छन सो को विश्लेषण गर्नु पर्नेछ । कानुनी प्रावधान नरहेको परिपेक्ष्यमा स्थानीय तहले छुटै कानुन तर्जुमा गर्नु परेको अवस्थामा सो तर्जुमाको आधार उल्लेख गर्ने ।

७.१० स्थानीय तहमा श्रम तथा रोजगारीका क्षेत्रमा भएका चुनौतिहरुको सम्वोधनका लागि देखा परेका चुनौतिहरुलाई उल्लेख गरी सो को निराकरणको लागी आवश्यक विषयहरुलाई उल्लेख गर्ने ।

७.११ स्थानीय तहमा रोजगार रणनीतिको कार्यान्वन पश्चात प्राप्त हुने अवसर र उपलब्धीहरुलाई उल्लेख गर्ने ।

८. **दीर्घकालीन सोच, उद्देश्य र कार्यनीति तर्जुमा**: स्थानीय तहले बुँदा नं. ७.११ मा उल्लेख भएको अवसर प्राप्तिका लागि दीर्घकालीन सोच, उद्देश्य र कार्यनीति तर्जुमा गर्नु पर्नेछ । दीर्घकालीन सोच तर्जुमा गर्दा राष्ट्रिय रोजगार नीतिको सोच, लक्ष्य र उद्देश्यलाई सहयोग एवम् स्थानीय तहको प्राथमिकतालाई मध्येनजर गरी तर्जुमा गर्नु गर्नेछ । सरोकारवाला सबै संगको परामर्श र सहकार्यमा भएमा सबै सरोकारवालाको अपनत्व अभिबृद्धि भई रणनीति कार्यान्वयनमा सहजता आउने हुनाले स्थानीय तहले दीर्घकालीन सोच तर्जुमा गर्दा व्यापक छलफल गरी राय सुझाव लिनु पर्नेछ।

८.१ स्थानीय रोजगार रणनीतिको उद्देश्य तर्जुमा गर्दा राष्ट्रिय रोजगार नीति, मन्त्रालयको ५ वर्षे रणनीतिक योजना र स्थानीय आवश्यकताका आधारमा तय गर्नु पर्नेछ ।

८.२ बुँदा ८.१ तर्जुमा पश्चात स्थानीय तहको आवश्यकता अनुसार प्राथमिकताक्रम निर्धारण गर्नु पर्नेछ।

८.३ रणनीति तर्जुमा गर्दा समन्वय, सहकार्य र सुशासन सम्बन्धी थप कार्यनीति निर्धारण गर्नु पर्नेछ । यस कार्यनीति अन्तरगत रणनीतिको अभिमूखिकरण, समन्वय, सहकार्य लगायत रोजगार सेवा केन्द्रको प्रभावकारी सञ्चालनलाई समेत उल्लेख गर्नु पर्नेछ ।

९. **कार्यनीति तथा कार्यक्रमको तर्जुमा**: रणनीतिले तय गरेका उद्देश्यहरुको प्राप्तिका लागि कार्यनीति र कार्यक्रम तर्जुमा गर्नु पर्नेछ । प्रत्येक उद्देश्य प्राप्तिका लागि सम्बन्धित उद्देश्यको फरक फरक कार्यनीति र कार्यक्रम उल्लेख गर्नु पर्नेछ । एक रणनीति उद्देश्य कार्यान्वयनका लागि एक भन्दा अधिक कार्यनीति रहन सक्ने एवम् एक भन्दा अधिक कार्यक्रमको प्रस्ताव हुन सक्नेछ। कार्यक्रमहरु प्रस्ताव गर्दा एक आपसलाई परिपुरकता हुने प्रस्ताव गर्नु पर्नेछ ।

१०. **रणनीति कार्यान्वयनको लागि संस्थागत संरचना**: स्थानीय तहको रोजगार रणनीति कार्यान्वयन गर्न गराउन स्थानीय तहले रणनीति कार्यान्वय गर्ने संस्थागत संरचनाको प्रस्ताव गर्नु पर्नेछ ।

१०.१ रणनीति कार्यान्वयन गर्न निर्देशक समिति वा रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम १५ बमोजिमको स्थानीय निर्देशक समितिलाई रणनीति कार्यान्वयन निर्देशक समितिको समेत कार्य गर्ने गरी जिम्मेवारी तोक्न सकिनेछ ।

१०.२ रणनीतिमा निर्देशक समितिको काम, कर्तव्य र अधिकारको विषयलाई उल्लेख गर्नु पर्नेछ ।

१०.३ निर्देशक समितिमा स्थानीय तहमा रहेका रोजगारदाता, सीप विकास प्रतिष्ठान लगायत अध्ययन अनुसन्धान गर्ने निकाय वा निर्देशक समितिले सम्बन्धित विषयको विज्ञलाई सदस्यको रुपमा नियुक्त गर्न सक्ने प्रावधानलाई उल्लेख गर्नु पर्नेछ ।

११. **रणनीति कार्यान्वयनका लागि क्षेत्रगत रणनीति**: स्थानीय तहको रोजगार रणनीति कार्यान्वयनका गर्न अन्य निकायसंग प्रत्यक्ष र परोक्ष समन्वय र सहकार्य गर्नु पर्ने वा जिम्मेवारी दिनु पर्ने अवस्था रहेमा सम्बन्धित क्षेत्र र कार्यसंग सरोकार राख्ने विषय उल्लेख गरी समन्वय, सहकार्य वा जिम्मेवारी दिनु पर्नेछ । जिम्मेवारी हस्तान्तरण भएको अवस्थामा सम्बन्धित निकायको प्रतिनिधित्व बुँदा १० को निर्देशक समितिमा रहने व्यवस्था मिलाउनु पर्नेछ।

११. **रणनीति अनुगमन तथा मूल्याङ्कन**: रणनीतिको नियमित र आवधिक अनुगमन तथा मूल्याङ्कन गर्न अनुगमन तथा मूल्याङ्कन समितिको प्रस्ताव गर्नु पर्नेछ ।

११.१ रणनीति कार्यान्वयनको अवस्था र आगामी क्रियाकलाप तर्जुमा गर्न प्रत्येक वर्ष स्थानीय तहको बजेट निर्माण गर्नु पूर्व वार्षिक रणनीति कार्यान्वयनको समीक्षा गर्ने व्यवस्था गर्नु पर्नेछ ।

११.२ बुँदा ११.१ अनुसारको समीक्षाबाट प्राप्त उपलव्धी र नतिजाहरुलाई निर्देशक समितिले कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

११.३ रणनीति कार्यान्वयनबाट अपेक्षित उपलव्धि र प्रतिफल प्राप्त भए नभएको सम्बन्धमा प्रत्येक दुई वर्षमा स्थानीय तह आफै वा स्वतन्त्र नीति समिक्षक व्यक्ति वा संस्थाबाट रणनीतिको समीक्षा वा पुनरावलोकनका लागि सिफारिस माग गर्न सक्नेछ।

१२. **जोखिम पहिचान तथा व्यवस्थापन**: रणनीति कार्यान्वयनका क्रममा आउन सक्ने जोखिमहरुलाई पहिचान गरी रणनीतिको अनुसूचीमा उल्लेख गर्नु पर्नेछ। स्थानीय तहले जोखिम व्यवस्थापनका लागि पहिचान भएका क्षेत्र तथा जोखिम न्यूनिकरणका उपायहरुलाई समेत वार्षिक क्रियाकलाप तर्जुमा गर्दा ध्यान दिनु पर्नेछ।

१३. **रणनीति कार्यान्वयन योजना निर्माण**: बुँदा नं. ९ मा उल्लेख भएका कार्यनीति वा कार्यक्रमलाई अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन क्रियाकलापहरु, नतिजा र उपलव्धीहरु उल्लेख गरी लजिकल फ्रेमवर्क वा नतिजा खाकाको फर्म्याटमा तयार गर्नु पर्नेछ।

१३.१ स्थानीय तहको रोजगार रणनीति कार्यान्वयनका लागि अनुसूची ४ बमोजिमको फर्म्याटमा नतिजा खाका तयार गर्नु पर्नेछ ।

१३.२ रणनीति कार्यान्वयनको लागि स्थानीय तहले अनुसूची ४ बमोजिम रणनीति कार्यान्वयन कार्ययोजना तय गर्नु पर्नेछ ।

१४. **निर्णय गर्नु पर्ने**: स्थानीय तहको रणनीति तर्जुमा गरी स्थानीय तहको अधिकार क्षेत्र भित्र कार्यान्वयन गर्ने गरी स्थानीय तहको सभाको व्यवस्थापन सम्बन्धी कार्यविधिले तोके बमोजिम विधेयकको रुपमा गाउँ सभा / नगर सभामा पेश गरी निर्णय गर्नु पर्नेछ ।

अनुसूची -१

<u>स्थानीय तहको रोजगार रणनीतिको नमूना ढाँचा</u>

...........पालिकाको स्थानीय रोजगार रणनीति

(आ.व. २०८०/०८१ -२०८५/०८६ सम्म)

श्री .......................पालिका

....................

# विषय सूची


कार्यकारी सारांश

खण्ड-१ रणनैतिक सन्दर्भ (Strategic Context)

१. पृष्ठभूमि
२. रोजगार रणनीतिको आवश्यकता/औचित्य
३. अध्ययन पद्धति
४. क्षेत्र
५. सीमा

खण्ड-२ वर्तमान अवस्थाको विश्लेषण (Current Situation Analysis)

खण्ड-३ रणनैतिक विश्लेषण (Strategic Analysis)

खण्ड-४ रणनैतिक सवालहरू (Strategic Issues)

खण्ड-५ दुरदृष्टि, ध्येय र उद्धेश्य ( long-term Vision, Mission and Objectives)

खण्ड-६ रणनैतिक लक्ष्यहरू (Strategies goals)

खण्ड-७ रणनैतक स्तम्भ/प्रमुख रणनीतिहरु (Major Strategies)

खण्ड-८ पाँच वर्षको रणनैतिक कार्ययोजना ( Strategic Action Plan )

खण्ड-९ श्रोत परिचालन र बजेट व्यवस्थापन (Resource Mobilizations and Budget Management)

खण्ड-१० रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मूल्यांकन सम्बन्धी व्यवस्था (Steering Committee, Monitoring and Evaluation)

खण्ड-११ जोखिम व्यवस्थापन ( Risk Management)

अनुसूचीहरु

## अनुसूची-२

(बुँदा नं. ७.४ संग सम्बन्धित)

**स्थानीय तहको रोजगार रणनीति तर्जुमा गर्ने प्रयोजनको लागि रोजगारदातासंग गर्ने सर्वेक्षण फाराम**

स्थानीय तहको रोजगार रणनीति तर्जुमा गर्ने प्रयोजनको लागि यस गाउँपालिका/नगरपालिकामा रहेका रोजगारदातालाई श्रमिकको आपूर्ति तथा सीप तथा क्षमता विकासको मागको अध्ययन गर्ने यो प्रश्नावली तयार गरिएको छ । आगामी दिनमा स्थानीय तहमा श्रमिक तथा सीप क्षमताको सम्बन्धमा कार्यनीति एवम् कार्यक्रम तर्जुमा गर्नको लागि गर्न लागिएको यो सर्वेक्षणका विवरणहरु गोप्य रहनेछन् ।

१. रोजगारदाताको नाम: ..............................................

२. ठेगाना: वडा नं. .............टोल / वस्ति:............................

३. रोजगारदाताको प्रकृति (कुनै एकमा ✔ लगाउनु होस):

| | | | |
|---|---|---|---|
| (क) | कृषि, बन तथा मत्स्यपालन उत्पादन | (ख) | खानी तथा उत्खनन |
| (ग) | उद्योग | (घ) | विद्युत, ग्याँस, एयरकण्डिसन आदि |
| (ङ) | खानेपानी, ढल, फोहोरमैला व्यवस्थापन | (च) | निर्माण व्यावसायी |
| (छ) | खुद्रा तथा होलसेल व्यापार | (ज) | यातायात तथा भण्डारण |
| (झ) | पर्यटन, होटल तथा रेष्टुरेन्ट | (ञ) | सूचना प्रविधि |
| (ट) | वित्तीय /इन्सुरेन्स सेवा | (ठ) | रियलस्टेट सम्बन्धी व्यापार |
| (ड) | सेवा तथा परामर्श सम्बन्धी सेवा | (ढ) | प्रशासकीय लगायतका सेवा |
| (ण) | शिक्षा | (त) | स्वास्थ्य तथा सामाजिक सेवा |
| (थ) | कला, मनोरञ्जन | (द) | अन्य .......................... |

४. रोजगारदाता प्रकृति (कुनै एकमा ✔ लगाउनु होस):

| | | | |
|---|---|---|---|
| (क) | ठुला प्रतिष्ठान | (ख) | साना तथा मझौला उद्योग प्रतिष्ठान |
| (ग) | मौसमी | (घ) | राष्ट्रिय र अन्तराष्ट्रिय गैरसरकारी |
| (ङ) | अन्तर्राष्ट्रिय प्रतिष्ठान | (च) | अन्य .......................... |

५. उत्तरदाता: (कुनै एकमा ✔ लगाउनु होस)

(क) रोजगारदाता (ख) कर्मचारी

(ग) परिवारको सदस्य (घ) अन्य ........................

६. आगामी ५ वर्षमा यहाँको व्यावसाय बढ्ने देख्नु हुन्छ? (कुनै एकमा ✔ लगाउनु होस)

(क) देख्दिन (प्रश्न ८ मा जानुहोस्।) (ख) थाहा छैन (प्रश्न ८ मा जानुहोस्।)

(ग) बढ्न सक्छ (यदि यस बुँदामा ✔ भएमा प्रश्न नं. ७ को उत्तर दिनु होस्।)

७. यदी व्यावसाय बढ्ने देख्नु हुन्छ भने कति प्रतिशतले बढ्ने आँकलन गर्नु हुन्छ? (कुनै एकमा ✔ लगाउनु होस)

(क) ५% सम्म (ख) ५-१०%

(ग) १०-२०% (घ) २०-५०%

(ङ) ५०% भन्दा अधिक

८. यहाँको उद्योग तथा प्रतिष्ठानको लागि उपयुक्त जनशक्ति प्राप्त गर्नु भएको छ? (कुनै एकमा ✔ लगाउनु होस)

(क) छ।

यदी छ भने कुन कुन काम गर्ने र तहको कर्मचारी नियुक्त गर्नु भएको छ?

अ. ...............................

आ. ............................

इ. ..............................

ई. ..............................

(ख) छैन।

यदि छै भने कुन काम गर्ने कुन तहको कर्मचारी खोजी गरि रहनु भएको छ?

अ. ...............................

आ. ............................

इ. ..............................

ई. ..............................

उ. ..............................

उ. ..............................

९. यहाँको उद्योग तथा प्रतिष्ठानको बृद्धिको लागि स्थानीय सरकारबाट के कस्ता सहयोगको अपेक्षा गर्नु भएको छ? (उत्तर एक भन्दा अधिक हुन सक्ने हुनाले आवश्यक सबै बुँदामा ✔ लगाउन सकिने।)

(क) उपयुक्त स्थानीय नीति
(ख) श्रमिकको आपूर्तिमा सहयोग
(ग) सीप तथा क्षमता विकासमा सहयोग
(घ) बजारीकरणमा सहयोग
(ङ) अन्य निकायमा सहजिकरण गर्नमा सहयोग
(च) अन्य ........................................................................................................

१०. स्थानीय आर्थिक विकासका लागि कुन क्षेत्रमा विकास हुन आवश्यक देख्नु हुन्छ?

............................................. .................................................. ..............................................
............................................... .................................................. ............................................
............................................ ...................................................... ...............................................

धन्यवाद ।

## अनुसूची — ३

(बुँदा नं. ७.६ संग सम्बन्धित)

**<u>सम्बन्धित सरोकारवालाको धारणा सङ्कलन गर्ने सम्बन्धी प्रश्नावली</u>**

स्थानीय तहको रोजगार रणनीति तर्जुमा गर्ने प्रयोजनको लागि यस गाउँपालिका/नगरपालिकामा के कस्ता क्षेत्रमा ध्यान दिनु पर्ने एवम् कसरी स्थानीय तहको रोजगारी (स्वरोजगारी सहित) अभिबृद्धि गर्ने प्रयोजनको लागि सरोकारवालाको धारणा / सुझाव सङ्कलन गर्ने प्रयोजनको लागि यो प्रश्नावली तयार गरिएको छ ।

१. नाम: ............................................

२. ठेगाना: (क) स्थानीय (ख) वाहिर जिल्लाको / अन्य

३. पेशा:

| | | | |
|---|---|---|---|
| (क) | राजनीति | (ख) | कृषि |
| (ग) | सरकारी कर्मचारी, | (घ) | गैरसरकारी / समाजसेवा |
| (ङ) | व्यापार | (च) | विद्यार्थी |
| (छ) | उद्योग प्रतिष्ठानमा कार्यरत | (ज) | कला साहित्य |
| (झ) | प्लान्ट/मेसिन अपरेटर/मेकानिक | (ञ) | अन्य मर्मत तथा सम्भार |
| (ट) | ज्यालादारी कार्य | (ठ) | अन्य ............... |

४. यस पालिकाको आर्थिक विकासका लागि कुन क्षेत्रमा ध्यान दिनु पर्ने देख्नुहुन्छ?

| | | | |
|---|---|---|---|
| (क) | कृषि, बन तथा मत्स्यपालन उत्पादन | (ख) | खानी तथा उत्खनन |
| (ग) | उद्योग | (घ) | विद्युत, ग्याँस, एयरकण्डिसन आदि |
| (ङ) | खानेपानी, ढल, फोहोरमैला व्यवस्थापन | (च) | निर्माण व्यावसायी |
| (छ) | खुद्रा तथा होलसेल व्यापार | (ज) | यातायात तथा भण्डारण |
| (झ) | पर्यटन, होटल तथा रेष्टुरेन्ट | (ञ) | सूचना प्रविधि |
| (ट) | वित्तीय /इन्सुरेन्स सेवा | (ठ) | रियलस्टेट सम्बन्धी व्यापार |
| (ड) | सेवा तथा परामर्श सम्बन्धी सेवा | (ढ) | प्रशासकिय लगायतका सेवा |

| | | | |
|---|---|---|---|
| (ण) | शिक्षा | (त) | स्वास्थ्य तथा सामाजिक सेवा |
| (थ) | कला, मनोरञ्जन | (द) | अन्य ........................... |

५. स्थानीय तहको रोजगार/स्वरोजगार अभिबृद्धिका चुनौतिहरु के के र कसरी समाधान गर्न सकिन्छ?

| क.सं. | चुनौतिहरु | समाधानका उपायहरु |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |

६. वर्तमान समयमा उपलव्ध जनशक्तिलाई रोजगारी वा स्वरोजगारीमा संलग्न गर्न के गर्नु पर्ने देखुहुन्छ?

........................................ ....................................... ............................... ...............................

........................................ ....................................... ............................... ...............................

........................................ ....................................... ............................... ...............................

........................................ ....................................... ............................... ...............................

........................................ ....................................... ............................... ...............................

........................................ ....................................... ............................... ...............................

७. आगामी ५ वर्षमा यस पालिकामा कुन क्षेत्रमा रोजगारी सिर्जना हुने देख्नु हुन्छ?

| | | | |
|---|---|---|---|
| (क) | कृषि, बन तथा मत्स्यपालन उत्पादन | (ख) | खानी तथा उत्खनन |
| (ग) | उद्योग | (घ) | विद्युत, ग्याँस, एयरकण्डिसन आदि |
| (ङ) | खानेपानी, ढल, फोहोरमैला व्यवस्थापन | (च) | निर्माण व्यावसाय |
| (छ) | खुद्रा तथा होलसेल व्यापार | (ज) | यातायात तथा भण्डारण |
| (झ) | होटल तथा रेष्टुरेन्ट | (ञ) | सूचना प्रविधि |
| (ट) | वित्तीय /इन्सुरेन्स सेवा | (ठ) | रियलस्टेट सम्बन्धी व्यापार |
| (ड) | सेवा तथा परामर्श सम्बन्धी सेवा | (ढ) | प्रशासकिय लगायतका सेवा |
| (ण) | शिक्षा | (त) | स्वास्थ्य तथा सामाजिक सेवा |
| (थ) | कला, मनोरञ्जन | (द) | अन्य .......................... |

८. बुँदा नं. ४ मा रहेका क्षेत्रमा रोजगारी सिर्जना गर्न के कस्ता क्रियाकलापहरु कार्यान्वयनमा ल्याउनु पर्ने देख्नुहुन्छ?

(क) सीप विकास (कस्तो प्रकृतिको सीप? सीप विकास पश्चात रोजगारी/स्वरोजगारीमा जान सक्ने आधारहरु के के हुन?)

.................................... ................................................ ..............................................

.................................... ................................................ ..............................................

.................................... ................................................ ..............................................

.................................... ................................................ ..............................................

(ख) उत्पादन अभिबृद्धिसंग सम्बन्धीत (कुन उत्पादन अभिबृद्धी गर्ने र उत्पादित सामग्रीको बजारिकरण कसरी गर्ने?)

.................................... ................................................ ..............................................

.................................... ................................................ ..............................................

.................................... ................................................ ..............................................

.................................... ................................................ ..............................................

(ग) कस्ता व्यक्तिलाई रोजगारमूलक सेवा प्रदान गर्नु पर्ने देखुहुन्छ?

........................................ ................................................... ................................................

........................................ ................................................... ................................................

........................................ ................................................... ................................................

........................................ ................................................... ................................................

(घ) अन्य ..........

........................................ ................................................... ................................................

........................................ ................................................... ................................................

........................................ ................................................... ................................................

९. बुँदा ७ र ८ का क्रियाकलाप कार्यान्वयन गर्न स्थानीय सरकारको के कस्तो हुनु पर्दछ?

........................................ ................................................... ................................................

........................................ ................................................... ................................................

........................................ ................................................... ................................................

१०. स्थानीय तहको अन्य निकायको भूमिका के हुनु पर्ने देखुहुन्छ?

........................................ ................................................... ................................................

........................................ ................................................... ................................................

........................................ ................................................... ................................................

११. अन्य सुझाव र सल्लाह भएमा

........................................ ................................................... ................................................

........................................ ................................................... ................................................

........................................ ................................................... ................................................

**धन्यवाद ।**

# अनुसूची – ३

(बुँदा नं. १३.१ संग सम्बन्धित)

............ गाउँपालिका / नगरपालिकाको रोजगार रणनीति नतिजा खाका

| क्र.सं. | नतिजा सूचक | एकाइ | आधार तथ्याङ्क | लक्ष्य (आ.व. अनुसार) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |

## अनुसूची - ४

(बुँदा नं. ७.२ संग सम्बन्धित)

............ गाउँपालिका / नगरपालिकाको रोजगार रणनीति कार्यान्वयन कार्ययोजना (खण्ड क)

| क.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय / शाखा | सहयोगी निकाय / शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| कार्यनीति १ | | | | | | | |
| १.१ | | | | | | | |
| १.२ | | | | | | | |
| १.३ | | | | | | | |
| कार्यनीति २ | | | | | | | |
| २.१ | | | | | | | |
| २.२ | | | | | | | |
| २.३ | | | | | | | |
| कार्यनीति ३ | | | | | | | |
| ३.१ | | | | | | | |
| ३.२ | | | | | | | |
| ३.३ | | | | | | | |
| कार्यनीति ४ | | | | | | | |
| ४.१ | | | | | | | |
| ४.२ | | | | | | | |